वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १९ | २०८३ वैशाख २२ गते मंगलबार, नेपाल सम्वत् ११४६ May 05, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**दुई जिल्ला जोड्ने निर्माणाधिन पुल :** तनहुँको ऋषिङ गाउँपालिका-३ र नवलपुरको बुलिङटार गाउँपालिका-१ थमबेसी जोड्ने निर्माणाधिन पक्कि पुल । निर्माण व्यवसायीले पुल निर्माणको कामलाई तीव्रताका साथ अगाडि बढाएको छ । *तस्विर : भञ्ज्याङ*

# राजनीतिले गियर बदल्यो, अब निजी क्षेत्रले पनि पुरानो बानी भुल्नुपर्छ

**डा. स्वर्णिम वाग्ले**/काठमाडौं


नेपाली समाज, राजनीति र अर्थतन्त्रमा अहिले एउटा आधारभूत र युगान्तकारी परिवर्तन आएको छ। केही महिना अगाडिसम्म मात्रै पनि फ्रान्समा ३६ वर्षका ग्याब्रियल अटलले दमदार रूपमा देश हाँकेझैँ हाम्रो देशको राष्ट्रिय राजनीतिमा पनि युवा पुस्ताले यसरी हस्तक्षेपकारी नेतृत्वदायी भूमिका खेल्छन् भनेर कसैले कल्पना गरेका थिएनन्, तर काम भइरहेको छ ।

३६ वर्षे प्रधानमन्त्रीले देशको नेतृत्व गरिरहँदा मन्त्रिपरिषदमा सबैभन्दा वृद्ध भनेको ५० वर्ष नाघेको सदस्य रहेको अवस्था छ। हिजोसम्म हाम्रो समाज र राजनीतिको भाष्य ८० वर्ष नपुगी, कपाल नफुलाई वा लौरो नटेकी कोही पनि मन्त्री, प्रधानमन्त्री वा वरिष्ठ नेता हुनै सक्दैन भन्ने थियो । आज त्यो भाष्य भत्किएको छ ।

राजनीतिमा आएको यो असाधारण पुस्तान्तरण र उमेरगत परिवर्तन अनुहारको परिवर्तनमात्र होइन । यो शासकीय शैली, नियत र कार्यसंस्कृतिको सम्पूर्ण सिˆट हो । यो अभूतपूर्व परिवर्तनलाई निजी क्षेत्र र समग्र समाजले गम्भीरतापूर्वक बुझ्न र आत्मसात् गर्न जरूरी छ ।

राजनीतिमा हिजोको त्यो ढिलासुस्ती, यथास्थितिवाद र सेटिङको युग समाप्त हुँदैछ । अब काम गर्ने गति, सोच र प्रविधि बदलिएको छ । जब देशको राजनीतिक नेतृत्वले पुरानो माइन्डसेट त्यागेर नयाँ बाटो समातिसकेको छ। हाम्रा उद्यमी, व्यवसायी र समग्र निजी क्षेत्रले पनि हिजोको अभ्यस्त बानीलाई त्याग्नै पर्छ ।

हाम्रा सभापति रवि लामिछानेले बारम्बार भन्नुहुन्छ, 'अब सिक्नेमात्र होइन, पुराना गलत कुराहरु भुल्ने अभ्यास पनि गर्नुपर्छ ।' राजनीतिमा आएको यो फन्डामेन्टल सिफ्टसँगै अब अर्थतन्त्रमा पनि नयाँ गियर बदल्ने बेला आएको छ ।




### १०० अर्ब डलरको अर्थतन्त्र: निजी क्षेत्रबिनाको असम्भव यात्रा

अर्थतन्त्रको मेरूदण्ड निजी क्षेत्र नै हो भन्ने कुरामा यो सरकारलाई कुनै शंका छैन। अंग्रेजीमा एउटा भनाइ छ, 'प्रिचिङ टु द क्वायर' अर्थात् जो आफैँ जानकार छ, उसैलाई उपदेश दिनु । निजी क्षेत्रको महत्त्व कति छ भनेर मैले बुझाइरहनु पर्दैन । सरकारले एउटा महत्त्वाकाङ्क्षी तर यथार्थपरक लक्ष्य राखेको छ।

आगामी सात वर्षभित्र नेपालको अर्थतन्त्रलाई १०० अर्ब डलर (करिब १३० खर्ब रूपैयाँ) को बनाउने लक्ष्य राखेको छ । चुनाव लड्दै गर्दा र रास्वपाले बाचापत्र लेख्दै गर्दा यो माइलस्टोन तय गरेका हौँ, तर यो १०० अर्ब डलरको अर्थतन्त्र राज्य संयन्त्रले मात्रै बनाउन सम्भव छ त? किमार्थ छैन । आज सरकारले ल्याउने बजेटको आकार १९-२० खर्बको हुन्छ, जसमा मुस्किलले १६ खर्ब खर्च हुन्छ ।

मुलुकको अर्थतन्त्रको आकार आजका दिनमा ५४-५५ खर्बको छ। आगामी वर्ष ६-७ प्रतिशतको वास्तविक वृद्धि र मूल्यवृद्धि समेत जोडेर १२ प्रतिशतको नोमिनल वृद्धि हासिल गर्दा हाम्रो अर्थतन्त्र ७४ देखि ७५ खर्बको पुग्नेछ । यो ७४ खर्बको अर्थतन्त्रमा सरकारले खर्च गर्ने त्यही १६-१७ खर्बमात्रै हो।

बाँकी ५५ खर्बभन्दा बढीको योगदान विशुद्ध रूपमा निजी क्षेत्रले नै गर्ने हो । कुल ग्राहस्थ्य उत्पादन (जीडीपी) को ७० प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने, रोजगारी सिर्जना गर्ने र पुँजी प्रवाह गर्ने निजी क्षेत्रलाई साथमा नलिई अर्थतन्त्रलाई अर्को उचाइमा लैजान असम्भव छ । त्यो वर्तमान सरकारले राम्ररी बुझेको छ ।

### रास्वपाको बाचापत्र हेर्नुस्

रास्वपाले चुनावका बेला ल्याएको बाचापत्र भोट माग्ने कर्मकाण्डी पुलिन्दा थिएन। हिजोका दिनमा घोषणापत्रहरु चुनाव सकिएको भोलिपल्टै रद्दीको टोकरीमा फ्याँकिन्थे, तर वर्तमान सरकारले त्यसलाई टेबलमा राखेर काम गर्छ ।


वर्तमान सरकारका नीति, कार्यक्रम र बजेट त्यही बाचापत्रमा निर्देशित हुनेछन् । त्यो दस्तावेजमा १०० वटा आधारभूत बुँदा छन् । बुँदा नम्बर १ देखि १९ सम्म सुशासनका विषय छन् । जनता आजित भएको कुशासनलाई अन्त्य गर्न हामीले एक नम्बर बुँदामै

बाँकी तेश्रो पेजमा

# अतिक्रमित संरचना हटाउन सूचना जारी

**भञ्ज्याङ समाचारदाता**/कास्की

पर्यटकीय राजधानी पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि पाँच दशकअघि जमिन छुट्याइएको थियो । विसं २०३२ मा पृथ्वीचोकमा २०५ रोपनी जग्गामा बसपार्क बनाउने योजना अघि सारिएको थियो। पूर्वमा सेती नदी, पश्चिममा साबिकको ट्राफिक भवन, दक्षिणमा एयरपोर्ट र उत्तरमा साल्ट ट्रेडिङको भित्रको चार किल्लाभित्र बसपार्कका लागि छुट्याएर



राजत्रपत्रमा प्रकाशित गरिएको थियो ।

बसपार्कका लागि जमिन छुट्याएको ५० वर्षसम्म काम नहुँदा २०५ रोपनी जमिन अहिले आएर ४७ रोपनीमा खुम्चिएको छ । बसपार्कको जग्गामा सुकुमवासी छन् । पोखरा महानगरपालिकाले गरेको अध्ययनअनुसार बसपार्कको जमिनमा ४०० बढी सुकुमवासी परिवार बस्दै आएका छन् । लामो समयसम्म बसपार्क नबन्दा अहिले सडक पेटीबाट नै लामो तथा छोटो दूरीका बसहरु आफ्नो गन्तव्यमा छुट्ने गरेका छन् । यसबाट पोखराको पृथ्वीचोक क्षेत्रमा सधैँ यातायात अस्तव्यस्त हुने र लामो जामको समस्या निम्तिएको छ ।

पछिल्लो समय पोखरा महानगरपालिकाले महानगरभित्र अतिक्रमण गरी बनाइएको संरचना हटाउनका लागि ३५ दिनको सूचना जारी गरेको छ । यही वैशाख ३ गते कार्यपालिकाको बैठक बसी महानगरपालिकाले अतिक्रमित संरचना हटाउन सूचना गरेको हो।

संघीय राजधानी काठमाडौँमा केही दिनयता अतिक्रमित जमिन खाली गराउनेक्रम जारी छ । पोखरामा रहेका पनि सुकुमवासीले व्यवस्थापन विना आफूहरूलाई हटाउन नहुने उनीहरूको माग छ। बसपार्क भित्रको कृष्ण टोल आमा समूहकी अध्यक्षसमेत रहनुभएकी स्थानीय रूपा केसीले आफूहरु अव्यवस्थित भएर बस्न नचाएको सुनाउनुभयो ।

उचित व्यवस्थापन गरेर मात्र बसपार्क बनाउन विगतदेखि नै भन्दै आएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ "सुकुमवासीहरु कहिल्यै पनि बसपार्कको विरोधी होइनौँ । हाम्रो उचित व्यवस्थापन भएको खण्डमा हामी अहिले बसिरहेको ठाउँ छोड्न तयार छौँ, सरकारले गर्ने विकासमा सहयोग गर्छौं ।"

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरूङले बसपार्कका सुकुमवासीलाई सकभर अहिले बसोबास गरिरहेको वडा नं ९ भित्र वा नजिकको वडामा पहिला व्यवस्थापन गर्नुपर्ने बताउनुहुन्छ । व्यवस्थापन विना महानगरले

बाँकी तेश्रो पेजमा

# शैक्षिक सामाग्रि वितरण

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्क निवासी भिम गुरूङले आफ्नो दाजु देव गुरूङको जन्मदिन तथा चण्डी पूर्णिमाको पावन अवसर पारेर कन्यादेवी परिवारलाई नगद तथा जिन्सी सामग्री सहयोग गरेका छन् ।

विद्यालयामा सोमबार आयोजित एक कार्यक्रमबीच गुरूङले छात्रावास सञ्चालनका लागि आवश्यक रासनपानी, तरकारी, खेलकुद सामग्री, स्टेशनरी सामग्री तथा वाद्यवादन सामग्री गरी करिब ५१ हजार रूपैयाँ बराबरको सहयोग प्रदान गरेका हुन् । साथै उनले कक्षा २ मा अध्ययनरत छात्रा जेनी गुरूङलाई विद्यालय झोला, जुत्ता तथा एक सेट विद्यालय पोशाक समेत उपलब्ध गराएका थिए ।

कार्यक्रममा विद्यालय परिवारले गुरूङको सहयोगप्रति आभार व्यक्त गर्दै यस्तो मानवीय र प्रेरणादायी कार्यले विद्यालयको शैक्षिक उन्नति तथा समग्र विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेको छ।

विद्यालयका अनुसार यस्ता निस्वार्थ सहयोगले समाजमा सेवामूलक भावना अभिवृद्धि हुनुका साथै शिक्षाप्रति सकारात्मक सन्देश प्रवाह हुने गर्दछ।

सहयोगदाता गुरूङको यस योगदानप्रति धन्यवाद व्यक्त गर्दै विद्यालयले आगामी दिनमा समेत यस्तै सहकार्य र सहयोगको अपेक्षा गरेको जनाएको छ।

# सम्पादकीय ............

www.bhanjyangnews.com

## औद्योगिक ग्रामको प्रवर्द्धन गरौं

आर्थिक वर्ष २०७६/७७ देखि ल्याइएको "एक स्थानीय तह : एक औद्योगिक ग्राम" नीति देशको ग्रामीण अर्थतन्त्रलाई उद्यमशीलतासँग जोड्न र स्वदेशमै रोजगारी सिर्जना गर्न ल्याइएको एक महत्वाकांक्षी योजना हो । यही नीति अन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिकामा स्थापना गरिएको "आँबुखैरेनी औद्योगिक ग्राम" पछिल्लो समय ग्रामीण रोजगारीको सम्भावनालाई मूर्त रूप दिन सफल भएको उदाहरणका रूपमा अगाडि आएको छ । आँबुखैरेनी गाउँपालिकाको करिब ९० रोपनी क्षेत्रफलमा फैलिएको यो औद्योगिक ग्राम २०८१ सालको असार महिनादेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । गाउँपालिकाले दुई वटा टहरा निर्माण गरी प्रारम्भिक संरचना तयार गरेपछि यो स्थान अहिले स्थानीय महिलाहरूको लागि सीप विकास, उत्पादन र आम्दानीको प्रमुख आधार बनिरहेको छ । बिशेषगरी घरायसी कामकाजमै सीमित रहँदै आएका महिलाहरु अब बाँस र फलामजन्य उत्पादनमा सक्रिय भएर उत्पादनशील श्रममा जोडिन थालेका छन्, जुन ग्रामीण समावेशी विकासको दृष्टिकोणले अतिनै स्वागतयोग्य परिवर्तन हो ।

ग्राममा अहिले बाँसजन्य उत्पादनमा सोफा सेट, मुढा, नाङ्लो, झोलुङ्गा, डाइनिङ सेट, टुथपिक, चपस्टिक जस्ता सामग्री उत्पादन भइरहेका छन् भने फलामजन्य क्षेत्रमा व्यायाम उपकरण, पिङ, ठेलागाडा, कृषि औजार र डेक्स–बेन्च जस्ता सामग्री निर्माण भइरहेको छ । यस्ता सामग्री उत्पादनका लागि स्थानीय स्रोतसाधन, श्रम र सीपको प्रयोग भएको छ । यसले न केवल स्थानीय उत्पादनलाई प्रोत्साहन दिएको छ, तर महिलाहरूलाई सीप सिकाउने, आत्मनिर्भर बनाउने र आर्थिक सशक्तिकरणतर्फ उन्मुख गराउने अवसर प्रदान गरेको छ । स्थानीय महिला गौरी गुरूङ र सपना गुरूङले युट्युबमार्फत सिकेको सीप प्रयोग गर्दै हाल बाँसजन्य सामग्री उत्पादन गरिरहेकी छन्। उनीहरूका अनुसार गाउँमै रोजगारी पाउँदा परिवार पाल्न सजिलो भएको छ भने सीपमा आत्मविश्वास बढेको छ । गाउँपालिकाबाट निर्माण गरिएको संरचनाले वातावरण तयार गरिदिएपछि महिलाहरु तालिम लिएर कार्यशील बन्न सक्नु स्थानीय सरकारको सकारात्मक पहलको नतिजा हो । ६० वर्षीया सानुमाया भुजेलले उत्पादन गरिएका वस्तुहरु अझ ठूलो बजारसम्म पुऱ्याउन सक्ने व्यवस्थापन भए थप आम्दानी र रोजगारीको सम्भावना रहेको बताउँछिन् । हालसम्म उत्पादन स्थानीय स्तरको माग अनुसार सीमित रहेको र बजार पहुँचको अभावले सम्भावनाहरु सीमित भएका छन् । यसकारण उत्पादनलाई बाह्य बजारसम्म पुऱ्याउन सघन रणनीति आवश्यक देखिन्छ ।

औद्योगिक ग्राम सञ्चालनमा संघ, प्रदेश र पालिकाबीच सहकार्य रहेको छ । हालसम्म संघ सरकारबाट १ करोड ९० लाख रूपैयाँ र प्रदेश तथा पालिकाबाट १ करोड ८० लाख रूपैयाँ बजेट विनियोजन भइसकेको छ । यति ठूलो लगानी पश्चात् ग्रामलाई दिगो र व्यावसायिक रूपमा सञ्चालन गर्न 'कम्पनी मोडल'मा लैजाने रणनीति बनाइएको छ । आगामी वर्षहरूमा थप १० वटा साना तथा मझौला उद्योग स्थापना गरी कम्तीमा १०० जना स्थानीयलाई प्रत्यक्ष रोजगारी दिने लक्ष्य गाउँपालिकाले लिएको छ, जुन अत्यन्तै उत्साहजनक योजना हो । औद्योगिक ग्राममा हाल १२ जना महिला र ४ जना पुरूषले स्थायी रूपमा रोजगारी पाएका छन् । तर, गाउँपालिकाले मात्र दीर्घकालीन व्यवस्थापन गर्न सक्दैन भन्ने बुझेपछि अहिले पब्लिक–प्राइभेट पार्टनरशिपमा आधारित मोडेलमा जान छलफल अघि बढाइएको छ । यस्तो मोडेलले निजी क्षेत्रको लगानी, व्यवस्थापन र प्रविधिलाई सरकारी सहयोगसँग मिलाएर अझ स्थायीत्व प्रदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

आजको दिनमा जब युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन्, गाउँमै सीप आधारित रोजगारी सिर्जना गर्नु अत्यावश्यक आवश्यकता हो । आँबुखैरेनी औद्योगिक ग्रामले देखाएको मार्ग यही दिशामा एक प्रेरणादायी कदम हो । विशेष गरी महिलाहरूलाई आत्मनिर्भर बनाउँदै गाउँको अर्थतन्त्र सुदृढ बनाउन यसले खेलेको भूमिका उल्लेखनीय छ । अब यो प्रयासलाई अझ प्रभावकारी बनाउनु छ भने बजार पहुँच, उत्पादनको गुणस्तर वृद्धि, ब्रान्डिङ, निर्यात सम्भावना, सीप अभिवृद्धि र प्रविधि सुदृढीकरणमा ध्यान दिनु आवश्यक छ। साथै, ग्रामको भौतिक पूर्वाधार विस्तार, मेशिन उपकरण मर्मत सम्भार र नवप्रवर्तनमा लगानी अपरिहार्य देखिन्छ । आँबुखैरेनी औद्योगिक ग्रामले सुरूवातको सफल झल्को दिएको छ । यदि यसको सशक्त रूपान्तरणलाई अझ सघन नीति, स्रोत, सहकार्य र दिगो संरचनाले साथ दिइयो भने, यो ग्राम ग्रामीण उद्यमशीलता र महिला सशक्तिकरणको राष्ट्रिय नमूना बन्न सक्छ ।

# सुकुम्बासीहरूको आत्महत्या कि राज्यको जिम्मेवारी ?

घोराहीमा भूमिहीन तथा सुकुम्बासीहरूको पक्षमा सरकारको व्यवहारप्रति रोष र विरोध प्रदर्शन भइरहेको छ। देशको वर्तमान अवस्थाप्रति चिन्तित बुद्धिजीवीहरु विभिन्न कोणबाट आफ्ना धारणा व्यक्त गरिरहेका छन्।

अन्तर्राष्ट्रिय श्रमिक दिवस, उभौली पर्व तथा शान्तिका प्रतीक गौतम बुद्धको जन्मजयन्ती जस्ता महत्वपूर्ण दिनहरूको सन्दर्भमा देशभर विविध कार्यक्रम भइरहेका बेला बजारमा सरकारविरूद्ध प्रदर्शन हुनु आफैंमा अर्थपूर्ण संकेत हो। जनतामा असन्तुष्टि र आक्रोश बढ्दो छ।

एकातिर दैनिकजसो हुने सडक दुर्घटनाले समाज आक्रान्त छ भने अर्कोतर्फ रोल्पाबाट सामूहिक मृत्युको दुःखद खबरले सबैलाई स्तब्ध बनाएको छ। यस्तै संवेदनशील अवस्थाबीच सुकुम्बासी बस्तीमा डोजर चलाइएको घटनाले स्थिति थप जटिल बनाएको छ।


सरकारले पुनर्वासको ठोस व्यवस्था नगरी बस्ती हटाउने कदम चालेपछि काठमाडौंमा १७ वर्षीय रबिन तामाङसहित केही व्यक्तिहरूले आत्महत्या गरेको समाचार सार्वजनिक भएको छ। कतिपय घटनामा मानिस भवनमै फसेको खबर पनि आएको छ। यस्ता घटनाले एउटा गम्भीर प्रश्न उठाएको छ– यी आत्महत्या हुन् कि राज्यको असंवेदनशील नीतिको परिणाम?

जनताको ठूलो हिस्सा यस्ता घटनालाई केवल आत्महत्या नभई राज्यको गैरजिम्मेवार व्यवहारको परिणामका रूपमा हेर्न थालेको छ। नागरिकको आधारभूत अधिकार– आवास, सुरक्षा र सम्मानजनक जीवन सुनिश्चित गर्नु सरकारको दायित्व हो। यदि राज्यकै नीतिका कारण नागरिक चरम निराशामा पुगेर यस्तो कदम चाल्न बाध्य हुन्छन् भने त्यसको नैतिक जिम्मेवारी राज्यले लिनुपर्छ।

भूमि अतिक्रमण र भूमाफियाको समस्या वास्तविक हो। तर त्यसको समाधान गरिब, भूमिहीन र श्रमजीवी वर्गमाथि कठोर कदम चालेर होइन, व्यवस्थित नीति र न्यायोचित पुनर्वासमार्फत खोजिनुपर्छ। भूमाफियामाथि कारबाही नगरी सुकुम्बासीमाथि डोजर चलाउनु न्यायसंगत मान्न सकिँदैन।

राज्यले दीर्घकालीन समाधानतर्फ ध्यान दिन आवश्यक छ। भूमिहीन नागरिकलाई व्यवस्थित बसोबासको व्यवस्था गर्ने, वास्तविक सुकुम्बासी पहिचान गर्ने र अतिक्रमित सार्वजनिक जग्गा व्यवस्थापन गर्ने काम संवेदनशील ढंगले अघि बढाइनुपर्छ।

नेपालको भौगोलिक अवस्था हेर्दा नागरिकलाई न्यूनतम जीविकोपार्जनका लागि आवश्यक जमिन उपलब्ध गराउँदै पनि पर्याप्त सार्वजनिक भूभाग संरक्षण गर्न सकिन्छ। त्यसका लागि राजनीतिक इच्छाशक्ति, स्पष्ट नीति र पारदर्शी कार्यान्वयन अपरिहार्य छ।




आज प्रश्न उठिरहेको छ– सरकारले आफ्नो नागरिकप्रति कस्तो व्यवहार गरिरहेको छ? विकासको नाममा नागरिकलाई विस्थापित गर्ने कि उनीहरूको जीवनस्तर उकास्ने ?

समयमै संवेदनशीलता अपनाइएन भने सामाजिक असन्तोष अझ गहिरिन सक्छ। त्यसैले सरकार, राजनीतिक दल र सम्बन्धित निकायहरूले तत्काल संवाद, पुनर्वास र न्यायोचित समाधानतर्फ अग्रसर हुनु जरूरी छ।

अन्ततः, राज्यको दायित्व केवल संरचना भत्काउने होइन, जीवन निर्माण गर्ने हो। नागरिकको आशा, भरोसा र अधिकारको संरक्षण नै सुशासनको आधार हो ।

# जङ्गली गधा (क्याङ) देखापरे

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

नेपाल–चीन उत्तरी सीमाक्षेत्रअन्तर्गत उपल्लो मुस्ताङको लोमान्थाङ–१ ढालुङ र सेतारा माथिको चरन क्षेत्रमा ठूलो संख्यामा जङ्गली गधा (क्याङ) देखापरेका छन् । समून्द्री सतहभन्दा करिब पाँच हजार मिटर उचाइको लोमान्थाङ गाउँपालिकास्थित धालुङ उच्चलेक र सेतारा लेकमा जङ्गली गधा (क्याङ) चर्दै गरिहेको अवस्थामा भेटिएका हुन् । जङ्गली गधा (क्याङ) सम्बन्धी अध्ययन गरिरहेका एक्याप लोमान्थाङ कार्यालयका प्रमुख उमेश पौडेलले लोमान्थाङस्थित धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधा क्याङ चर्दै गरिरहेको अवस्थामा भेटिएको बताउनुभयो ।

कोरलास्थित नेपाल–चीन सीमा क्षेत्रबाट फर्किँदै गरेको अवस्थामा धालुङ र सेतारा उच्चलेकमा जङ्गली गधाहरूको बथान चर्दै गरेको अवस्थामा देखिएको प्रमुख पौडेलले बताउनुभयो। आफूले लोमान्थाङको धालुङ उच्चलेकमा १०२ वटा र सोही स्थानको अर्को सेतारा उच्चलेकमा १४ वटा गरी ११६ वटा जति जङ्गली गधा (क्याङ) देखेको जानकारी दिनुभयो ।

उहाँका अनुसार जङ्गली गधाको बासस्थान हिमायन ट्रान्स हिमालयन (तिब्बत/मुस्ताङ) क्षेत्रमा रैथान संयुक्त बासस्थान रहेको बताइन्छ । दुर्लभ स्तनधारी जङ्गली गधा (क्याङ)को मौसम अनुसार बासस्थान तय हुने प्रमुख पौडेलको भनाइ छ । हिउँदयामको आठ महिना तिब्बती पठारमा बर्खायाममा गर्मी सुरू हुँदा चार महिना उपल्लो मुस्ताङ क्षेत्रको उच्चलेकमा बासस्थान बनाउने गरेको प्रमुख पौडेलले बताउनुभयो ।

तिब्बतको पठारमा बढी समय बिताउने जङ्गली गधाहरु अप्रिल, मे र जुन महिनामा बासस्थान परिवर्तन गरी उपल्लो मुस्ताङका उच्चलेकमा प्रवेश गर्छन् । तिब्बत र मुस्ताङको सीमा क्षेत्रमा बस्ने जंगली गधाहरु बढी समय तिब्बती पठारमा बिताउँछन् । चीनसँग सिमाना जोडिएको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको सीमाक्षेत्रको चरन क्षेत्रमा मौसमअनुसार जङ्गली गधाको सङ्ख्या देखिने गरेको छ ।

यसअघि 'क्यामेरा ट्यापिङ' गरी प्राविधिक रूपमा जङ्गली गधाको सङ्ख्या यकिन गर्ने गरिएको भए पनि यति ठूलो संख्यामा पहिलो पटक देखिएको हो । यसअघि सन् २००४ मा गरिएको जङ्गल गधाको अध्ययनमा उपल्लो मुस्ताङमा ३७ वटा सङ्ख्या देखापरेका थिए । जलवायु परिवर्तनका कारण यस प्रकारका जङ्गली

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
नयाँ काम सुरू गर्न अनुकूल समय छ। साथीभाइको साथले आत्मविश्वास बढ्नेछ। आर्थिक पक्षमा मध्यम लाभ हुनेछ।

**वृष**
धैर्य राख्नुपर्ने दिन छ। काममा सानो अवरोध आउन सक्छ। परिवारबाट सहयोग पाइनेछ।

**मिथुन**
नयाँ अवसर प्राप्त हुने, वैदेशिक वा व्यापारिक काममा सफलता मिल्नेछ। बोलीमा संयमता अपनाउनु आवश्यक छ ।

**कर्कट**
मनमा उत्साह बढ्नेछ। काममा सफलता मिल्नेछ। स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस्।

**सिंह**
नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्नेछ। आर्थिक लाभ हुने संकेत छ। तर अहंकार त्याग्नु राम्रो।

**कन्य**
धार्मिक वा आध्यात्मिक कार्यमा मन जानेछ। काममा ढिलासुस्ती हुन सक्छ, समय व्यवस्थापन आवश्यक छ।

**तुला**
स्वास्थ्यमा समस्या आउन सक्छ, सावधानी अपनाउनुहोस्। आर्थिक लेनदेनमा सतर्क रहनुहोस्।

**वृश्चिक**
साझेदारीमा लाभ हुने सम्भावना छ। दाम्पत्य जीवन सुखद रहनेछ। नयाँ सम्बन्ध स्थापित हुन सक्छ।

**धनु**
प्रतिस्पर्धामा सफलता मिल्नेछ। शत्रु पराजित हुनेछन्। स्वास्थ्यमा सुधार आउनेछ।

**मकर**
रचनात्मक कार्यमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुदृढ बन्नेछ। सन्तान पक्षबाट खुशीको खबर आउन सक्छ।

**कुम्भ**
घरायसी काममा व्यस्तता बढ्नेछ। पारिवारिक सहयोग मिल्नेछ। अचल सम्पत्ति सम्बन्धी काममा सफलता मिल्ने संकेत छ।

**मीन**
सञ्चार र यात्रामा सफलता मिल्नेछ। नयाँ ज्ञान प्राप्त हुने सम्भावना छ। साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

# राजनीतिले गियर बदल्यो, ..........

लेखेका थियौं– 'सदियौंदेखि राज्यबाट उत्पीडनमा परेका दलित समुदायलाई माफी मागेर हामी काम सुरु गर्नेछौं ।'

यो काम हामीले संसद्को रोस्ट्रमबाटै कार्यान्वयन गरिसकेका छौं । यसलाई बजेटमार्फत थप सार्थक बनाउनेछौं ।

बुँदा नम्बर १९ देखि ४० सम्म पूर्ण रूपमा अर्थतन्त्रको खाका छ । १९ नम्बर बुँदामा स्पष्ट लेखिएको छ– 'उत्पादन, रोजगारी र लगानीमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका हुनेछ र राज्य केवल नियामक तथा सहजकर्ताको भूमिकामा रहनेछ ।'

त्यस्तै, बुँदा नम्बर २१ मा आर्थिक प्रगतिमा बाधक बनेका दुई दर्जन पुराना कानुन खारेज गर्ने संकल्प छ। अर्थमन्त्रीका रूपमा पदभार ग्रहण गरेको पहिलो १० मिनेटमै मैले अर्थतन्त्रलाई तगारो हाल्ने १५ वटा कानुन खारेज गर्ने निर्णयमा हस्ताक्षर गरेर त्यसको सुरुवात भइरहेको छ ।

**लुटतन्त्र र लाइसेन्स राजको अन्त्य**

विगतमा हाम्रो कानुनी र प्रशासनिक संरचना यस्तो बनाइयो, जसले इमानदार व्यवसायीलाई कहिल्यै काम गर्न दिएन । कर्मचारीतन्त्रमा सधैं डिस्क्रिसन (व्यक्तिगत तजबिजी) हाबी भयो ।

पैसा नखाई कामै नगरिदिने, अनावश्यक फाइल अड्काउने, नातागोता र पहुँचको भरमा मात्र अवसर दिने जुन प्रणाली विकास भयो, त्यसलाई प्राज्ञिक भाषामा क्लेप्टोक्रेसी (लुटतन्त्र) भनिन्छ । एउटा जलविद्युत् आयोजनाको लाइसेन्स लिन ३२ वटा विभाग र ७ वटा मन्त्रालय धाउनुपर्ने यो कस्तो विडम्बना थियो ?

यो रेन्ट सिकिङ (अनुचित लाभ खोज्ने प्रवृत्ति), लाइसेन्स राज र अस्वस्थ कार्टेलिङले गर्दा नयाँ, प्रतिभाशाली र इमानदार उद्यमीहरूलाई बजारमा प्रवेश गर्न दिइएन । अब वर्तमान सरकारले यो लुटतन्त्रको जालोलाई ध्वस्त पार्छ ।

रास्वपाले बाचापत्रको बुँदा नम्बर २० मै यो कुरा लेखेको छ। नियामक निकायहरु विगतमा राजनीतिक रूपले कब्जा गरिएका थिए । अब ती निकायहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त, पारदर्शी र शक्तिशाली बनाउँदैछौं।

ईँटा-ईँटा गरेर हामी यो विकृत संरचना भत्काउनेछौं । इमानदार व्यवसायीलाई पक्रिने होइन, रातो कार्पेट ओछ्याएर स्वागत गर्नेछौं। हाम्रा बाचापत्रको बुँदा नम्बर २५ सबैले पढ्नुभयो भने त्यहाँ लेखिएको छ, 'राजस्व न्यायाधिकरणको संरचना सुधार गर्दै राजस्व अनुसन्धान विभाग खारेज गरिनेछ'

राज्यका यी निकायहरु हिजो व्यवसायीलाई तर्साउन, चन्दा असुल्न र दुःख दिन प्रयोग भए । अब त्यो आतंकको राज चल्ने छैन ।

**कुनै हिटलिस्ट छैन, अफवाहबाट नतर्सिनुस्**

पछिल्ला केही दिन यता बजारमा, विशेषगरी निजी क्षेत्रमा एउटा त्रासको भाष्य निर्माण गर्न खोजिएको छ। गृह मन्त्रालय, अर्थ मन्त्रालय वा प्रधानमन्त्री कार्यालयमा व्यवसायीलाई पक्राउ गर्न कुनै ठुलो हिटलिस्ट बनेको छ ।

कसलाई कतिखेर समातेर भनेर पालो कुरिएको छ भन्ने अफवाह फैलिएको छ । म आज जिम्मेवार मन्त्रीको हैसियतले स्पष्ट पार्न चाहन्छु– त्यस्तो कुनै पनि हिटलिस्ट सरकारको खल्तीमा छैन ।

हिजोको जस्तो चन्दा असुल्न वा तर्साउनका लागि राज्यका निकायहरूबाट फोन जाने दिन अब सकिए । इमानदारपूर्वक उद्यम गर्ने, कर तिर्ने र रोजगारी सिर्जना गर्ने कुनै पनि व्यवसायी त्रसित हुनु पर्दैन, तर यहाँ एउटा कुरा प्रस्ट हुनैपर्छ । उद्यमीको आवरण ओढेर गम्भीर आपराधिक कुकृत्यमा संलग्न हुनेहरूलाई भने राज्यले उन्मुक्ति दिन सक्दैन । विगतमा ४६/४७ सालयता इम्युनिटीको संस्कृति यति धेरै मौलायो । सेटिङ मिलाएपछि जे गरे पनि हुन्छ भन्ने शासकीय अहंकार स्थापित भयो ।

आज सडकमा नागरिकको जुन भयानक आक्रोश र विस्फोट देखिएको छ, त्यो त्यही दण्डहीनताको उपज हो । त्यसैले हिजो राजनीतिक दबाबमा तामेलीमा राखिएका वा थन्क्याइएका गम्भीर अपराधका फाइलहरु पक्कै खुलेका छन् । तर शुद्ध व्यापार गर्नेहरु यसबाट अनावश्यक तरङ्गित हुनुपर्ने कुनै आवश्यकता छैन ।

**पूर्वाधारमा निजी पुँजीको अपरिहार्यता**

हामी अर्थतन्त्रको एउटा अत्यन्तै संवेदनशील र डरलाग्दो मोडमा छौं । एकातिर हाम्रा युवाहरु विदेश पलायन भइरहेका छन् भने अर्कोतिर हाम्रो समाज तीव्र गतिमा बुढो हुँदैछ ।

प्रतिव्यक्ति आय बल्ल १५०० डलरको हाराहारीमा पुगेको छ, तर हामी धनी नबन्दै बुढो हुने खतरामा छौं । अबको केही वर्षमै हाम्रो जनसाङ्ख्यिक लाभको झ्याल बन्द हुँदैछ। त्यतिमात्र होइन, विगत ५०-६० वर्षदेखि हामीले विश्व बैंक, एसियाली विकास बैंक (एडीबी) जस्ता संस्थाहरूबाट १ देखि डेढ प्रतिशतको सस्तो ब्याजदरमा ३०-४० वर्षको भाका राखेर ऋण लियौं।

अहिले बनेको र निर्माणकै चरणमा रहेका पुल, सडक तथा जलविद्युत् आयोजना बनायौं, तर अब हाम्रो प्रतिव्यक्ति आय बढेको कारण त्यो सस्तो ऋण पाउने बाटो बन्द हुँदैछ । अब हामीले छोटो अवधिको र महँगो ब्याजदरको व्यावसायिक ऋण लिनुपर्ने अवस्था आइसकेको छ । यस्तो अवस्थामा सरकारको ढुकुटीले मात्र देश बन्दैन।

हाम्रो अनिवार्य दायित्व (तलब, भत्ता, पेन्सन, ऋणको साँवा-ब्याज) यति धेरै बढेको छ । आगामी वर्ष २० खर्बको बजेट ल्याउँदा पनि १४ खर्ब त्यता नै सकिन्छ । पुँजीगत खर्च २ खर्ब रुपैयाँ गर्न सकिएको छैन। अनि कसरी बन्छन् ठुला सडक, सुरुङमार्ग र विमानस्थलहरु ? यसको एउटैमात्र समाधान भनेको पूर्वाधार निर्माणमा निजी क्षेत्र र वैदेशिक लगानी भित्र्याउनु हो ।

छिमेकी देश भारतमा सडक परिवहन मन्त्री नितिन गडकरीले विगत १०-१२ वर्षमा जसरी हाइब्रिड एन्युटी मोडल र अन्य निजी साझेदारीका मोडलहरु प्रयोग गरेर सडक सञ्जालको कायापलट गरे, हामीले पनि त्यही बाटो अवलम्बन गर्नुपर्छ ।

हामीले फ्राउड इनको नीति लिनु जरुरी छ । अर्थात्, सरकारले १ रुपैयाँ लगानी गर्दा त्यसले निजी क्षेत्रको ७ रुपैयाँ लगानी आकर्षित गर्न सकोस् । सिमेन्ट उद्योगमा हामीले जलविद्युत् र पहुँचमार्ग पुऱ्याइदिंदा आज नेपाल सिमेन्ट निर्यात गर्ने अवस्थामा पुगेको छ । यो फ्राउड इन कै एउटा सफल उदाहरण हो । अब हामी सुरुङमार्ग, एक्सप्रेस-वे र ठुला परियोजनाहरूमा निजी पुँजी भित्र्याउन कानुनी र व्यावहारिक बाधाहरु फुकाउनेछौं।

**आगामी बजेट र बजार अर्थतन्त्र**

आगामी आर्थिक वर्षको बजेट निर्माणको सँघारमा छौं । समय छोटो भएकाले यसपटक बजेटमा ठुलै सर्जरी गर्न सम्भव देखिएन, तर अर्थतन्त्रको अहिलेको मुख्य समस्या समग्र मागमा आएको सुचनलाई सम्बोधन गर्ने दिशामा बजेट केन्द्रित हुनेछ ।

हामी सामाजिक बजार अर्थतन्त्रको मोडलमा विश्वास गर्छौं। यो भनेको नर्डिक देशहरूको जस्तै मोडल हो, जहाँ पुँजी निर्माण, नवप्रवर्तन र आर्थिक वृद्धि निजी क्षेत्रको खुला प्रतिस्पर्धाबाट हुन्छ, तर शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाजस्ता विषयमा राज्यले न्यायोचित पुनर्वितरणको ग्यारेन्टी गर्छ ।

गरिब देश भए पनि नागरिकमाथि लगानी गर्न सकिन्छ भन्ने हाम्रो मान्यता हो । हामी कर प्रणालीलाई थप वैज्ञानिक र बोझरहित बनाउनेछौं ।

डिजिटलाइजेसन, खनिज उत्खनन, सूचना प्रविधि, पर्यटन र नयाँ सम्भावनाका क्षेत्रहरूमा नीतिगत ढोकाहरु पूर्ण रूपमा खोलिनेछन् । वान स्टप सोलुसनको कुरा धेरै भयो । अब त्यसलाई व्यवहारमै उतार्नेछौं ।

राजनीतिमा ३६ वर्ष पुस्ताको जुन उदय भएको छ, यसले राज्य सञ्चालनको पुरानो अपरेटिङ सिस्टमलाई पूर्ण रूपमा विस्थापित गरिसकेको छ । पुराना नीति निर्माताहरु निजी क्षेत्रसँग डराउँथे, व्यवसायीलाई चोर वा तस्करको चस्माले हेर्थे, तर हामी स्पष्ट भिजन, सफा नियत र उच्च मनोबलका साथ आएका छौं ।

निजी क्षेत्रले पनि अब आफूलाई यही नयाँ गतिको लयमा ढाल्नुपर्छ । यो देशलाई १०० अर्ब डलरको अर्थतन्त्र बनाउने हाम्रो यात्रा सुरु भइसकेको छ । यसमा अनावश्यक संशय र त्रास नपाल्नुस् । राज्य तपाईंहरूको अभिभावक र सहजकर्ता बन्न तयार छ । नेपालप्रेसबाट

(अर्थमन्त्री वाग्लेले नेपाल उद्योग वाणिज्य महासंघको ६०औं वार्षिक साधारणसभामा राखेको धारणामा आधारित ।)

# कृत्रिम गन्ध प्रविधिबाट मानव(वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्रयास

रासस/रूपन्देही

तराई क्षेत्रका मध्यवर्ती बस्तीहरूमा बढ्दो मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नवीन प्रविधिको परीक्षण थालिएको छ । बाघ र चितुवाजस्ता वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्नबाट रोक्ने उद्देश्यले 'कृत्रिम गन्ध सङ्केत' प्रयोगमा ल्याइएको हो । तराई भूपरिधि तथा संरक्षण कार्यक्रम अन्तर्गत गत वर्षदेखि सुरु गरिएको यो प्रविधिले वन्यजन्तुको प्राकृतिक व्यवहारलाई आधार मानेर 'अदृश्य सीमा' निर्माण गर्ने लक्ष्य लिएको कार्यक्रमका प्रबन्धक भरत भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार बाघ र चितुवाले आफ्नो क्षेत्र निर्धारण गर्न पिसाब वा नङले कोतरेर गन्ध छाड्ने गर्छन् । यही प्रक्रियालाई अनुसरण गर्दै कृत्रिम गन्ध प्रयोग गर्दा जनावरलाई आफ्नो क्षेत्रमा अर्को प्रतिस्पर्धी आएको भान हुन्छ र उनीहरु त्यहाँबाट टाढा सर्ने गर्छन् ।

"मानव बस्तीमा वन्यजन्तु प्रवेश नगरून् भन्ने उद्देश्यले ३० वटा रणनीतिक स्थानमा क्यामेरा र विशेष प्रकारका 'डिस्पेन्सर' जडान गरिएको छ", भट्टले भन्नुभयो, "यी उपकरणले निश्चित गन्ध फैलाएर जनावरलाई फर्कन बाध्य बनाउँछन्"

भट्टका अनुसार प्रयोग गरिएका गन्ध कुनै पनि हिसाबले हानिकारक छैनन् । यसले मानिस र वन्यजन्तु दुवैलाई असर नगर्ने बताइएको छ। प्रारम्भिक अध्ययनमा विभिन्न प्रकारका गन्धमध्ये केहीले चितुवा र बाघलाई प्रभावकारी रूपमा रोक्न सफल भएको देखिएको छ । गत वर्ष गरिएको परीक्षणमा दुई प्रकारका गन्धले चितुवालाई, दुईले बाघलाई तथा एउटाले दुवै प्रजातिलाई रोक्न सफल भएको पाइएको भट्टले जानकारी दिनुभयो। हाल थप चारदेखि पाँच प्रकारका गन्धमा परीक्षण भइरहेको छ ।

कार्यक्रम अधिकृत प्रतीक शाहका अनुसार यो अनुसन्धानमूलक परियोजना पाँच वर्षका लागि सञ्चालनमा ल्याइएको हो । 'चितुवा र बाघलाई मानव बस्तीबाट सुरक्षित दूरीमा राख्नु नै यस अध्ययनको मुख्य लक्ष्य हो', उहाँले भन्नुभयो, "यदि यो प्रविधि सफल भयो भने भविष्यमा मानव र वन्यजन्तुबीच स्थायी 'अदृश्य सीमा' कायम गर्न सकिन्छ ।"

उहाँका अनुसार खाता करिडोर क्षेत्रका ३० स्थानमा जडान गरिएका स्वचालित क्यामेरामार्फत वन्यजन्तुको गतिविधि र उनीहरूको प्रतिक्रिया निरन्तर अनुगमन गरिन्छ। यसबाट प्राप्त तथ्याङ्कले प्रविधिको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'टी' आकारको पाइपमा एकपटक केमिकल राख्दा एक महिनासम्म गन्ध रहिरहन्छ । शाहका अनुसार यो परीक्षण सफल भयो भने वन्यजन्तुबाट बस्तीमा हुने क्षति घट्छ । तारबारजस्ता संरचनामा भइरहेको लगानी पनि कम हुन्छ ।

खाता सामुदायिक वन समन्वय समितिका प्राविधिक खगेन्द्र थापाले स्थानीयस्तरमा यो प्रविधिले सकारात्मक सन्देश दिएको बताउनुभयो । "सन् २०१४ देखि क्यामेरा ट्रयापिङमा संलग्न रहँदै आएका छौं", उहाँले भन्नुभयो, "अहिले प्रयोग भइरहेका क्यामेराहरु अत्यन्त संवेदनशील छन्, जसले ३० सेकेन्डसम्मको भिडियो र सानोतिनो आवाजसमेत कैद गर्न सक्छन् ।"

उहाँका अनुसार मानव-वन्यजन्तु द्वन्द्व बढी हुने क्षेत्रमा यस्ता प्रविधिले स्थानीय बासिन्दामा सुरक्षाको अनुभूति दिलाउनुका साथै दीर्घकालीन समाधानतर्फ मार्गनिर्देशन गर्न सक्छ । यदि यहाँ सफल भयो भने देशका अन्य प्रभावित क्षेत्रमा पनि यो मोडेल विस्तार गर्न सकिन्छ ।

तराईका विभिन्न जिल्लामा पछिल्ला वर्षहरूमा बाघ, चितुवा तथा जङ्गली जनावरको बस्ती प्रवेशका घटना बढ्दै जाँदा मानवीय क्षति र त्राससमेत बढेको छ । यस्तो अवस्थामा वैज्ञानिक आधारमा यो विकसित प्रविधिको प्रयोगले द्वन्द्व न्यूनीकरणमा विश्व वन्यजन्तु कोषअन्तर्गत सञ्चालन भइरहेको तराई भूपरिधि तथा संरक्षण कार्यक्रम नेपाल र भारतका तराई क्षेत्रलाई समेट्ने दीर्घकालीन पहल हो । यस कार्यक्रममार्फत जैविक विविधता संरक्षण, वन्यजन्तुको आवास व्यवस्थापन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका गतिविधि सञ्चालन हुँदै आएका छन् ।

परियोजनाका कोहलपुरका कार्यक्रम सहप्रबन्धक राजन रिजालका अनुसार निकुञ्जहरूको पारिस्थितिक प्रणाली सुदृढीकरण तथा सुरक्षा व्यवस्थापनका लागि विभिन्न कार्यक्रम कार्यान्वयन भइरहेका छन् ।

बर्दिया राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको बासस्थान सुधारका लागि सिमसार क्षेत्र निर्माण तथा घाँसेमैदान व्यवस्थापन, पानीको अभाव हुने क्षेत्रमा वन्यजन्तुलाई पिउने पानीको सहज उपलब्धताका लागि सौर्य ऊर्जामा आधारित पम्प जडान तथा अवैध गतिविधि नियन्त्रण तथा निगरानी सुदृढ गर्न 'स्पाइक क्यामेरा' जडान गरिएको उहाँले बताउनुभयो । निकुञ्ज प्रशासनको नेतृत्वमा सञ्चालन भइरहेका संरक्षणमुखी कार्यक्रमहरूमा पनि डब्लुडब्लुएफ नेपालको सहयोगी भूमिका रहेको रिजालले जानकारी दिनुभयो ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्र अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारीरिक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चै छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्र खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्कके चटारो, यो त बालबालिकाको लागि शारीरिक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउने भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पऱ्यो नि भाउजु, बच्चाको शारीरिक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारीरिक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चै नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७०४७०२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरु :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाब, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डाक्टरा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ, स्टेचिङ आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

# जङ्गली गधा ..........

गधाहरु मौसमअनुसार तलमाथि गर्ने गर्छन्। यो याममा उपल्लो मुस्ताङका सीमावर्ती उच्चलेकमा हरियो घाँस पलाइसकेकाले जङ्गली गधाहरु आहारको खोजीमा नेपाल प्रवेश गरेका हुन्।

जङ्गली गधाको शरीर खैरो/हरियो रातो र पेटतिरको भाग सेता रङ्ग हुन्छ । यसका खुट्टाहरु लामो लामो र सिधा उभिने शैलीको छिटो कुद्न सक्ने क्षमता राख्दछ । जङ्गली गधा एसियाकै सबैभन्दा ठूलो स्तनधारी प्राणी हो । समूहमा बस्ने, छिटो छिटो कुद्ने र सतर्क रहने जङ्गली गधाको मुख्य विशेषता हो । जङ्गली गधाका लागि जलवायु सङ्कट र मानव गतिविधि मुख्य चुनौतीका रूपमा लिने गरिएको छ। रासस

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**घाँटु नाच समापन :** तनहुँको भानु नगरपालिका-१३ को बास्पानी गाउँमा परम्परागत रूपमा नचाइएको घाँटु नाच समापनका लागि देउराली, चण्डिथान तर्फ लैजाँदै । यी यस्ता रितिरिवाज, गाउँघरको मौलिक संस्कृति, एकता र परम्पराको अनुपम झल्को र महत्व बोकेको छ ।
*तस्विर : भञ्ज्याङ*

# सौराहामा पर्यटकको आगमन उत्साहजनक : व्यवसायी

रासस/चितवन

सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरु चलायमान बनेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन् । गोष्ठीहरु र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन् । गत वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ ।

क्षेत्रीय होटल संघका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ । उहाँले भन्नुभयो, "बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन् ।" भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन् । बिदाको दिनमा पर्यटकको संख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरूमा विदेशी ७० प्रतिशत हाराहारी छन् । सरदर यो वर्ष ५० प्रतिशत कोठाहरु भरिएका छन् । उहाँका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो ।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक संख्या अरु थपिने व्यवसायीको भनाइ छ । पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौँ र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकाले सोचेजस्तो पर्यटक आगमन छैन ।

होटल भिस्टा सौराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रूपमा पर्यटक बढ्ने बताउनुहुन्छ । उहाँले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताउनुभयो । यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उहाँको भनाइ छ ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउनुहुन्छ। बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरूको सङ्ख्या पनि बढेको हो । सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन् । ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन्।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का पूर्वअध्यक्षसमेत रहनुभएका खतिवडा रेष्टुरेन्टहरु पनि बिदाको समयमा भरिभराउ हुने गरेका छन् । अघिल्लो वर्षका तुलनामा अन्य समयमा पनि पर्यटक बढेको उहाँले बताउनुभयो।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । ती होटलमा चार खर्बभन्दा बढी लगानी रहेको अनुमान व्यवसायीको छ । प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा बढी छ । बर्सात लागेसँगै यहाँ आउने पर्यटकको सङ्ख्या घट्ने गर्दछ ।

## facebook twitter



**Sunil Paney**
facebook.com/sunil.pandey.3511

राज्य झुल्किने ऐना: स्थानीय कर्मचारीको मौन रोदन हिजो गाउँ गाउँमा युद्धको राँको बल्दा, जब राज्यका धेरै अंगहरु सदरमुकाम खुम्चिएका थिए, तब साविक स्थानीय निकायका तिनै कर्मचारी थिए; जसले ज्यान हत्केलामा राखेर नागरिकको दैलोमा राज्यको उपस्थिति जोगाइराखे। बन्दुकको त्रास र धम्कीका बीच पनि जन्मदर्तादेखि नागरिकको मृत्युको अभिलेखसम्म राख्ने तिनै अनाम सिपाहीहरु आज संघीयताको उज्यालोमा भने ओझेलमा पारिएका छन्।

विगतको त्यो त्रासदी, वर्तमानको यो विडम्बना:
अँध्यारोको सारथी: द्वन्द्वको त्रासदीमा नागरिकको आँसु पुछ्ने र राज्यको ओत दिने ती काँधहरु आज नीतिगत विभेदले थाकेका छन्।
पहिचानको संकट: वर्षौ सेवा गरेर पनि आज स्थानीय कर्मचारीले 'आफ्नै घरमा पाहुना' जस्तो महसुस गर्नुपरेको छ। संघीय ऐनको अभावमा उनीहरूको वृत्ति-विकासको बाटो ऐंजेरू पलाएझैँ रोकिएको छ।
अधिकारको अपहरण: २१औँ शताब्दीको लोकतन्त्रमा संगठित हुने र आफ्नो पीडा पोख्ने ट्रेड युनियन अधिकार खोस्न खोज्नु, ती सेवकहरूको आत्मसम्मानमाथि गरिएको प्रहार हो।
के लोकतन्त्रको सुन्दरता केवल शब्दमा मात्रै हो? के हिजो संकटमा राज्य बोक्नेहरूले आज न्यायको सानो सहुलियत पनि नपाउने?
स्थानीय कर्मचारी केवल कारिन्दा होइनन, उनीहरु राज्य र नागरिक जोड्ने सबैभन्दा बलियो 'पुल' हुन्। यो पुल भत्किए शासनको भव्य महल पनि ढल्नेछ। अधिकार खोसेर होइन, सम्मान र सुरक्षा दिएर मात्र सिंहदरबार गाउँमा टिक्नेछ।
राज्यको पहिलो ढोका बलियो पारियोस्; स्थानीय कर्मचारीको भविष्य सुरक्षित गरियोस् ।

# व्यवसायी गोल्छालाई धरौटी वा जमानतमा छाड्न आदेश

रासस/काठमाडौँ

सर्वोच्च अदालतले केन्द्रीय अनुसन्धान ब्युरोको थुनामा रहेका व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छाड्न आदेश दिएको छ । न्यायाधीशद्वय महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले सोमबार केन्द्रीय अनुसन्धान ब्युरो लाजिम्पाटमा थुनामा रहेका व्यवसायी गोल्छाकी पत्नी सीमा गोल्छाले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै धरौटी वा जमानतमा छाड्न आदेश गरेको हो ।

"अनुसन्धान अधिकारीले धरौटी वा जमानत माग नगरी अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिने दिने कार्य भएको हुँदा निजलाई हिरासतमा राख्ने गरी भएको मिति २०८३/१/११ र २०८३/१/२१ समेतका आदेश उत्प्रेषणको आदेशले बदर हुनेछ", आदेशमा भनिएको छ, "अब धितोपत्रसम्बन्धी कसुरका हकमा यी निवेदकसँग धरौटी वा जमानत माग गरी उल्लिखित दफा १०४ को कानुनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिएको छ ।"

व्यवसायी गोल्छालाई यही वैशाख ११ पक्राउ गरिएको थियो। नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा थप अनुसन्धान गर्न भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उहाँलाई पक्राउ गरेको थियो ।

# दुईदिने बिदाले पोखराको पर्यटनमा सकारात्मक प्रभाव

रासस/गण्डकी

सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरु चलायमान बनेका छन् । जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन् । गोष्ठीहरु र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन् । गत वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ ।

क्षेत्रीय होटल संघका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ । उहाँले भन्नुभयो, "बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन् ।" भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन् । बिदाको दिनमा पर्यटकको संख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरूमा विदेशी ७० प्रतिशत हाराहारी छन् । सरदर यो वर्ष ५० प्रतिशत कोठाहरु भरिएका छन् । उहाँका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो ।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक संख्या अरु थपिने व्यवसायीको भनाइ छ । पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौँ र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकाले सोचेजस्तो पर्यटक आगमन छैन ।

होटल भिस्टा सौराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रूपमा पर्यटक बढ्ने बताउनुहुन्छ । उहाँले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताउनुभयो । यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उहाँको भनाइ छ ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउनुहुन्छ। बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरूको सङ्ख्या पनि बढेको हो । सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन् । ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन्।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) का पूर्वअध्यक्षसमेत रहनुभएका खतिवडा रेष्टुरेन्टहरु पनि बिदाको समयमा भरिभराउ हुने गरेका छन् । अघिल्लो वर्षका तुलनामा अन्य समयमा पनि पर्यटक बढेको उहाँले बताउनुभयो।

सौराहामा १४८ होटल छन् । जहाँ सात हजार २०० पर्यटक अट्ने क्षमता छ । ती होटलमा चार खर्बभन्दा बढी लगानी रहेको अनुमान व्यवसायीको छ । प्रत्यक्ष रूपमा ६ हजार ४०० ले रोजगारी पाएका छन् । अप्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या १२ हजारभन्दा बढी छ । बर्सात लागेसँगै यहाँ आउने पर्यटकको संख्या घट्ने गर्दछ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४